नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं

मिति: २०७७/१२/२७

पत्र संख्याः
चलानी नं.:

## सामाजिक सुरक्षा कोषमा सूचीकरणका लागि अत्यन्त जरुरी सूचना।

नेपालको संविधान को मौलिक हकको धारा ३४ उपधारा २ मा रहेको योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई कार्यान्वयन गर्न तर्जुमा भएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले निर्देशित गरेको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ लागू भई २०७६ श्रावणदेखि कार्यान्वयनमा आएको व्यहोरा सबैलाई अवगत नै छ ।

यसै सन्दर्भमा सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ को दोस्रो संशोधन भइसकेको व्यहोरा पुनः स्मरण गराउँदै उक्त संशोधनका मुख्य बुँदाहरुमा कोषबाट सञ्चालनमा ल्याइएको वृद्ध अवस्था सुरक्षा योजनाअन्तर्गत जम्मा हुने योगदानकर्ताको आधारभूत पारिश्रमिकको २८.३३ प्रतिशत रकमलाई निवृत्तभरण योजनामा २० प्रतिशत र अवकाश सुविधा योजनामा ८.३३ प्रतिशत रकम जम्मा हुने, २०७८ असार मसान्तभित्र योगदान सुरु गर्ने योगदानकर्ताहरूले चाहेमा निवृत्तभरण अन्तर्गतको २० प्रतिशत रकमसमेत अवकाश सुविधा योजनामा हस्तान्तरण गर्न सक्ने, अवकाश सुविधा योजनामा जम्मा भएको रकम अवकाश हुँदा वा जागिरबाट अलग हुँदा निकाल्न पाउने तथा ८० प्रतिशतसम्म विषेश सापटीको रुपमा प्रदान गर्न सकिने लगायतका व्यवस्था रहेका छन् ।

रोजगारदाता, श्रमिक र सरोकारवाला समेतको सुझावलाई समेटी वित्तीय दीगोपनाको पक्षलाई समेत ध्यानमा राख्दै योजनाहरु समयसापेक्ष र योगदानकर्तामैत्री हुने गरी कार्यविधिको दोश्रो संशोधन गरिएको साथै निवृत्तभरण लगायत कार्यान्वयनमा आउन समय लाग्ने अन्य योजनाहरूलाई थप प्रभावकारी बनाउन कोष प्रयत्नरत रहने नै छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा योजना लागू भएपश्चात तोकिएको समयभित्र सूचीकरण भईसक्नुपर्ने कानुनी व्यवस्था अनुरुप सूचीकृत हुन बाँकी सम्पूर्ण नीजि तथा संगठित संस्थाहरूलाई २०७८ असार मसान्तसम्म सूचीकरण गरी सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ को दोश्रो संशोधनले दिएका सुविधा उपयोग गर्नुका साथै ऐनको दफा १९ र २० एवं संविधानको धारा ३४ को पूर्ण परिपालना गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

(कपिलमणि ज्ञवाली)
कार्यकारी निर्देशक

जि.स.स. भवन, बबरमहल, काठमाडौं, फोन: ०१-४२५५४६४, ४२५६३१५, ४२५६१४४, फ्याक्स: ०१-४२५५४६३
इमेल: info@ssf.gov.np, ssffund315@gmail.com, वेभ: www.ssf.gov.np